कर्जन्हा नगरपालिका

स्यानेटरी प्याड उत्पादन अनुदान कार्यक्रमका लागि प्रविधि हस्तान्तरण कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः२०८२।११।०४ गते

---

**प्रस्तावना**: कर्जन्हा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नीति तथा कार्यक्रम अनुसार महिला स्वास्थ्य संरक्षण, स्थानीय उत्पादन प्रवर्द्धन, रोजगारी सिर्जना तथा घरेलु तथा साना उद्योग विकास गर्ने उद्देश्यले स्यानेटरी प्याड उत्पादन मेशिन तथा आवश्यक कच्चा पदार्थ अनुदान स्वरूप हस्तान्तरण गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा-११ (७) ले दिएको अधिकार प्रयोग गरी कर्जन्हा नगरपालिकाले यो कार्यविधि बनाएको हो।

---

कानूनी आधारहरूः

यस कार्यविधि देहायका कानूनी प्रावधानहरूका आधारमा जारी गरिएको होः

(क) नेपालको संविधान, २०७२ को धारा ५१ (घ) मा अर्थ, उद्योग र वाणिज्य सम्बन्धि निति अन्तरगत सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थ तन्त्र सुदृढ गर्ने लंगायतका प्रावधानहरू रहेको

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५) (घ-१ र २) मा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्धन र व्यवस्थापन, साथै उद्यमशिलताको विकास र प्रवर्धन गर्ने रहेको। त्यसतै दफा १२ (२) (ग-२४ र २५) मा वडाको काम कर्तव्य र अधिकार अन्तरगत घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने तथा वडा भित्र घरेलु उद्योगको प्रवर्धन गर्ने प्रावधान रहेको ।

(ग) औद्योगिक व्यवसाय ऐन, २०७६ मा उत्पादनमुलक लघु, घरेलु तथा साना उद्योगको लागि सहुलियत गर्नु पर्ने प्रावधान रहेको ।

(घ) सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा नेपालमा उत्पादन भएको मालसामान खरिदमा जोड दिएको पाईएको ।



Scanned with CamScanner

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "स्यानेटरी प्याड उत्पादन अनुदान कार्यक्रमका लागि प्रविधि हस्तान्तरण कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषयं वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कच्चा पदार्थ" भन्नाले स्यानेटरी प्याड उत्पादनका लागि आवश्यक कच्चा सामग्री सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले कर्जन्हा नगर कार्यपालिका सम्झनु पर्दछ।

(ग) "कार्यक्रम" भन्नाले स्यानेटरी प्याड उत्पादन अनुदान कार्यक्रम सम्झनु पर्दछ।

(घ) " गैर सरकारी संस्था" भन्नाले कार्यपालिकासंग सझेदार सम्झौता गरेका सबल नेपाललाई सम्झनु पर्दछ।

(ङ) "नगरपालिका" भन्नाले कर्जन्हा नगरपालिका सम्झनु पर्दछ।

(च) "प्रविधि हस्तान्तरण" भन्नाले औद्योगिक वस्तुको उत्पादन, प्रशोधन, भण्डारणका लागि उद्योगलाई आवस्यक पर्ने मेशिन वा उपकरण वा औजार वा मेशिन सहित कच्चा पदार्थ सहयोग पुर्याउने कार्य सम्झनु पर्दछ।

(छ) "मेशिन" भन्नाले स्यानेटरी प्याड उत्पादनका लागि खरिद गरिएको मेशिन सम्झनु पर्दछ।

(ज) "लाभग्राही उद्योग" भन्नाले घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई नगरपालिकामा व्यवसाय दर्ता गरी सञ्चालनमा रहेको निजी फर्म वा उद्योग सम्झनु पर्दछ।

(झ) "अनुदान" भन्नाले प्रविधि हस्तान्तरणका रुपमा उपलव्ध गराईने स्यानेटरी प्याड उत्पादनका लागि मेशिन र आवश्यक कच्चा सामग्री सम्झनु पर्दछ।

(ञ) " समिति" भन्नाले यस कार्यविध बमोजिम गठित मूल्याङ्कन समितिलाई लाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## कार्यक्रम तथा कार्यक्रम संचालन प्रक्रिया

३. कार्यक्रमको क्षेत्र र उद्देश्यः (१) यस कार्यविधि बमोजिम नगरपालिकाले बार्षिक बिनियोजित बजेट तथा कार्यक्रममा उल्लेखित स्यानेटरी प्याड उत्पादन अनुदान कार्यक्रम कर्जन्हा नगरपालिका क्षेत्र भित्रका लागि संचालन गर्ने छ ।

(२) यस कार्यक्रमको उद्देश्य देहाय अनुसार हुनेछः

(क) महिलाको स्वास्थ्य संरक्षणमा सहयोग पुऱ्याउनु।

(ख) स्थानीय स्तरमा स्यानेटरी प्याड उत्पादन प्रवर्द्धन गर्नु।

(ग) घरेलु तथा साना उद्योग तथा महिला उद्यमशीलता विकास गर्नु।

(घ) स्थानीय रोजगारी सिर्जना गर्नु।

४. **कार्यक्रमको ढाँचा, प्रविधिको लागत तथा अनुदानको सिमाः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम कर्जन्हा नगर कार्यपालिकासंग साझेदारी सम्झौता गरेका गैर सरकारी संस्थाद्वारा अनुदान स्वरुप बढिमा दश लाख सम्मको प्राप्त मेशिन औजार , उत्पादन शुरुवात गर्न कार्यपालिकाले अनुदान स्वरुप बढिमा दश लाख सम्मको नियमानुसार खरिद गरीएको कच्चा पदार्थ तथा लाभग्राहि उद्योगको योगदानमा आधारित भई संचालन गरिने छ ।

(२) उपदफा (१) अनुसार लाभग्राहि उद्योगलाई दिईने प्रविधि हस्तान्तरण स्वरुको अनुदान शुरु एक पटकलाई मात्र प्रदान गरिने छ ।

(३) लाभग्राहि उद्योगले उत्पादन कार्यक्रमबाट वार्षिक रुपमा प्राप्त खुद आम्दानी (Net Income) को दश प्रतिशतले हुन आउने रकम वराबंरको स्यानेटरी प्याड निःशुल्क रुपमा कार्यपालिकालाई उपलव्ध गराउने र उक्त स्यानेटरी प्याड कार्यपालिकाले निःशुल्क रुपमा आफ्नो कार्य क्षेत्र भित्रका लक्षित समूहमा स्वास्थ्य संस्था वा विद्यालय मार्फत वितरण गराउने छ ।

**५. कार्यक्रम सञ्चालनको स्वरूपः** (१) नगरपालिका स्वयं स्यानेटरी प्याड उत्पादन गर्ने छैन।

(२) साझेदार गैर सरकारी संस्था र नगरपालिकाले मेशिन तथा कच्चा पदार्थ सार्वजनिक खरिद ऐन वमोजिम खरिद गरी अनुदान स्वरूप लाभग्राही उद्योगलाई हस्तान्तरण गर्नेछ।

(३) उत्पादन कार्य लाभग्राही उद्योगले गर्नेछ र नगरपालिका र गैर सरकारी संस्थाले अनुगमन तथा सहजीकरण गर्नेछ।

**६. लाभग्रांही उद्योगको न्युनतम योग्यताः** (१) देहायका योग्यता पूरा गरेका उद्योग मात्र लाभग्राही हुन सक्नेछन्:

(क) घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको।

(ख) कर्जन्हा नगरपालिकामा व्यवसाय दर्ता भई सञ्चालनमा वा संचालन उन्मुख रहेको।

(ग) स्यानेटरी प्याड उत्पादन गर्ने स्पष्ट उद्देश्य भएको।

(घ) न्यूनतम ५ वर्ष उद्योग सञ्चालन गर्ने प्रतिवद्धता भएको।

(ङ) पूर्वमा कुनै सरकारी अनुदान दुरुपयोग नगरेको।

(च) उद्योगमा उद्यमशिलता तालिम प्राप्त श्रम शक्ति रहेको ।

(छ) कम्तिमा ३३% महिला शेयर धनि रहेको ।

(ज) उद्योग संचालन कार्यविधि तयार गरी पारित गरेको ।

(झ) वातावरणीय प्रतिकूल हुने गरी कुनै पनि कार्य नगर्न नगराउनका लागि प्रतिवद्ध रहेको ।

Scanned with CamScanner

## परिच्छेद-३

## लाभग्राहि उद्योग छनौट प्रक्रिया

**७. लाभग्राही उद्योग छनौटको लागि प्रस्ताव आह्वानः** (१) नगरपालिकाले यस कार्यविधि बमोजिम प्रविधि हस्तान्तरण वापतको अनुदान लिन इच्छुक लाभग्राहि उद्योगबाट प्रस्ताव आह्वान गरी कम्तिमा ७ (सात) दिनको अवधि दिई नगरपालिका र वडा कार्यालयको अधिकारिक सामाजिक संजाल पेज, वेबसाईट र सूचना पाटीमा अनुसूचि-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ ।

(२) यस कार्यविधिको दफा-६ बमोजिमको योग्यता पुगेको लाभग्राहि उद्योगले प्रविधि हस्तान्तरण कार्यक्रममा सहभागि हुन दफा-७ बमोजिमको सूचनाको अवधि भित्र अनुसूचि-२ बमोजिमको ढाँचामा कार्यपालिकामा प्रस्ताव पेश गर्नु पर्ने छ ।

**८. प्रस्ताव मूल्याङ्कन समितिः** (१) दफा-७ (२) बमोजिम प्राप्त हुने प्रस्तावको मूल्याङ्कन गर्न कार्यपालिकामा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछः

| | |
|---|---|
| (क) नगरपालिकाको बरिष्ठतम् अधिकृत | संयोजक |
| (ख) नगर प्रमुखले तोकेको १ जना वडाध्यक्ष | सदस्य |
| (ग) लेखा अधिकृत, आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) शाखा प्रमुख, प्रशासन शाखा | सदस्य |
| (ङ) योजना शाखाको प्रतिनिधि १ जना | सदस्य |
| (च) गैर सरकारी संस्थाका स्थानीय कार्यक्रम संयोजक | सदस्य |
| (छ) भण्डारण शाखाको प्रमुख | सदस्य-सचिव |

**९. न्युनतम योग्यता पुगेका प्रस्तावको सूचीः** (१) दफा-७(२) बमोजिम प्राप्त हुन आएका प्रस्तावको परीक्षण गरी मुल्याङ्कन समितिले दफा-६ बमोजिम न्युनतम योग्यता पुगेका लाभग्राहि उद्योगको सूची तयार गर्नु पर्नेछ।

**१०. प्रस्तावको मूल्याङ्कनः** (१) प्रस्ताव मूल्याङ्कन समितिले दफा-९ बमोजिम न्यूनतम योग्यता पुगेका प्रस्तावको देहायका विषयमा आधारित भई प्राविधिक, आर्थिक तथा सामाजिक पक्षको मूल्याङ्कन गरिनेछः

(क) उद्योगको पूँजिगत संरचना

(ख) उद्योगको लैङ्गिक तथा समावेशिकरण

(ग) प्रत्यक्ष रोजगारी सिर्जना

(घ) उद्योग संचालन अवधि

(ङ) प्रस्तावको औचित्यता (पेश गरेको प्रस्ताव)

(च) व्यवसाय दर्ता प्रमाण पत्र

(छ) प्राविधिक क्षमता (उद्योगि तथा उद्योगमा कार्यरत कर्मचारीले लिएको व्यवस्थापन र सिप अभिबृद्धिको तालिम लिएको अवधि खुल्ने प्रमाण पत्र)



Scanned with CamScanner

(२) मूल्याङ्कनको क्रममा मूल्याङ्कन समितिले आवस्यक्तानुसार स्थलगत निरिक्षण गर्न तथा उद्यमिबाट थप विवरण माँग गर्न वा लिखित रुपमा स्पष्ट पार्न लगाउन सक्नेछ ।

**११. प्रस्तावको छनौटः** (१) अनुदानका लागि लाभग्राहि उद्योगको सूची तयार गरी मुल्याङ्कन समितिले छनौटका लागि सिफारिस गर्नेछ ।

(२) समितिको सिफारिसमा कार्यपालिकाको कार्यालय प्रमुखबाट लाभग्राही उद्योगछनौटको सूची प्रकाशन गरिनेछ।

## परिच्छेद-४

## सम्झौता तथा अनुदान हस्तान्तरण प्रक्रिया

**१२. छनौट भएको सूची प्रकाशनः** (१) दफा-११ बमोजिम छनौट भएका लाभग्राहि उद्योगको सूची दावी विरोधका लागि सात दिनको म्याद दिई सोको सूचना नगरकार्यपालिकाको वेवसाइट र न.पा.। वंडा कार्यालयहरूको सूचना पाटीमा अनुसूची ३ बमोजिम सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दावि विरोध नपरेमा सूचीकृत उद्योगलाई सात दिन भित्र सम्झौता गर्न आउन सुचित गरिनेछ तर दावि विरोध परेका उद्योगलाई सो विषयको निरुपण भए पश्चात समझौताको लागि सुचित गरिनेछ ।

**१३. प्रविधि हस्तान्तरण सम्झौताः** (१) कार्यपालिकाले दफा १२ बमोजिम सम्झौताका लागि सूचित गरिएका लाभग्राहि उद्योगको प्रस्ताव सम्बन्धमा स्थलगत अनुगमन गरी जानकारी लिन सकिनेछ ।

(२) कार्यपालिकाले दफा १२ बमोजिम सम्झौता गर्न आउने लाभग्राहि उद्योगको उपदफा (१) बमोजिम स्थलगत अनुगमन गरेको भए सोको प्रतिवेदन समेतको आधारमा सम्वन्धित उद्योगसंग सम्झौता गर्नु पर्नेछ ।

(३) मेशिन तथा कच्चा पदार्थ नगद नभई अनुदान स्वरूप हस्तान्तरण गरिनेछ।

(४) हस्तान्तरण गर्दा सम्झौता तथा हस्तान्तरण मुचुल्का गरिनेछ।

(५) मेशिन तथा सामग्रीको स्वामित्व सशर्त (Conditional Ownership) रहनेछ।

**१४. लाभग्राही उद्योगको दायित्वः** (१) लाभग्राही उद्योगको दायित्व देहाय अनुसार हुनेछः

(क) मेशिन तथा सामग्री कार्यक्रमको उद्देश्य अनुसार मात्र प्रयोग गर्ने।

(ख) नगरपालिकाबाट यस कार्यविधि बमोजिम प्राप्त मेशिन औजार वा कच्चा पदार्थ अन्यत्र विक्री, भाडा वा हस्तान्तरण नगर्ने।

(ग) नियमित उत्पादन र अभिलेख राख्ने।

(घ) अनुगमनमा सहयोग गर्ने।

Scanned with CamScanner

(ङ)कुनै कारणबस उधोग संचालन हुन नसकेमा लाभग्राही उधोगले वडा कार्यालयलाई जानकारी गराई वडा मार्फत नगरपालिकामा पेश गर्नु पर्नेछ र कार्यपालिकाको निर्णय अनुसार आगामी कार्यदिसा तय गर्नेछ ।

**परिच्छेद-५**

**विविध**

**१५. कार्यपालिकाले लगत राख्नु पर्ने:** (१) यस कार्यविधि अन्तरगत भएका प्रविधि हास्तान्तरणको कार्यपालिकाले लगत राखु पर्नेछ ।

**१६. प्रविधि उपयोगको अनुगमन तथा मूल्याङ्कनः** (१) वडा समिति नियमित अनुगमन गर्नेछ।

(२) आवश्यकता अनुसार गैर सरकारी संस्था लगायत सहकार्य संस्थालाई अनुगमनमा संलग्न गराउन सकिनेछ।

(३) **यस कार्यविधि** अनुसारको अनुगमनका लागि अनुसूची- ४ बमोजिमको चेकलिष्ट प्रयोग गर्न सकिनेछ ।

**१७. उल्लङ्घन र कारबाही:** (१) लाभग्राहि उद्योगद्वारा यस कार्यविधि वा सम्झौताको उल्लङ्घन भएमा मेशिन तथा बाँकी सामग्री फिर्ता लिन सकिनेछ।

(२) आवश्यक परे प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

**१८. कार्यविधिको लागु र संशोधनः** (१) यस कार्यविधि कार्यपालिकाबाट स्वीकृत मितिदेखि लागू हुनेछ।

(२) आवश्यक परे कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**१९. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै कार्यविधि वमोजिम र अन्य कुराको हकमा प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

२०. बाधा अडकाउ फुकाउः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अडकाउ परेमा कार्यपालिकाले फुकाउन सक्नेछ ।



Scanned with CamScanner

अनुसूची—१

दफा ७ को उपदफा (१) संग सम्वन्धित

कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा, सिराहा

**प्रविधि हस्तान्तरणका लागि प्रस्ताव पेश गर्ने समबन्धी सूचना**

(सूचना प्रकासन मितिः)

कर्जन्हा नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत स्यानेटरी प्याड उत्पादन अनुदान कार्यक्रमका लागि प्रविधि हस्तान्तरण कार्यविधि, २०८२ को दफा ६ बमोजिम योग्यता पुगेका लघु, घरेलु तथा साना उद्योगलाई उत्पादन विस्तार, महिलाको स्वास्थ्य संरक्षणमा सहयोग पुर्‍याउन, स्थानीय स्तरमा स्यानेटरी प्याड उत्पादन प्रवर्द्धन गर्नका लागि प्रविधि हस्तान्तरण स्वरुप अनुदान उपलब्ध गराउन यस नगरपालिकाको आ.व. २०८...।२०८....... को कार्यक्रम रहेको हुँदा कार्यविधिको अनुसूची-२ को ढाँचामा ७ (सात) दिन भित्र यस नगरपालिका अन्तरगतका इच्छुक योग्य फर्म/उद्योगबाट प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

अनुसूची—२

दफा ७ को उपदफा (२) संग सम्वन्धित

कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा, सिराहा

**लाभग्राही आवेदन फाराम (नमुना)**

१. फर्मको नामः ................................................ २.. घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं./मितिः .......................... ३. कर्जन्हा नगरपालिकामा व्यवसाय दर्ता नं./मितिः .......................... ४. फर्मको ठेगानाः ................................................ ५. सम्पर्क व्यक्ति/फोनः ................................................ ६. स्यानेटरी प्याड उत्पादन अनुभव (छ भने): .......................... ७. प्रस्तावित उत्पादन क्षमता (मासिक): .......................... ८. न्यूनतम ५ वर्ष उद्योग सञ्चालन गर्ने प्रतिवद्धताः ☐ हो ☐ होइन

हस्ताक्षरः ....................

पदः ......

मितिः ...........

Scanned with CamScanner

अनुसूची—३

दफा १२ को उपदफा (१) संग सम्वन्धित

कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा, सिराहा

## दावी विरोध सम्बन्धी सूचना

(सूचना प्रकासन मितिः)

कर्जन्हा नगरपालिकाबाट आर्थिक वर्ष २०८..../०८.... को स्वीकृत कार्यक्रम अनुसार "स्यानेटरी प्याड उत्पादन अनुदान कार्यक्रम कार्यविधि, २०८२" बमोजिम लाभग्राही उद्योग/संस्था छनौट गर्ने क्रममा प्रारम्भिक छनौट सूची (Shortlist) तयार गरिएको व्यहोरा सम्वन्धित सबैमा जानकारी गराइन्छ। उक्त छनौट सूचीमा परेका उद्योग/संस्थाहरूको सम्वन्धमा कसैको कुनै दावी, विरोध, गुनासो वा आपत्ति भएमा सो सम्बन्धी स्पष्ट आधार, प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस नगरपालिकाको कार्यालयमा लिखित रुपमा पेश गर्न हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। निर्धारित म्याद भित्र प्राप्त हुन आएका दावी/विरोधहरूलाई मात्र मान्यता दिइनेछ र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू उपर कुनै कारवाही गरिने छैन।

थप जानकारीका लागि कर्जन्हा नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

........................

प्रमुख प्रशासकीय अधिकृत

कर्जन्हा नगरपालिका

अनुसूची—४

दफा १६ को उपदफा (३) संग सम्वन्धित

कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा, सिराहा

## अनुगमन चेकलिस्ट (नमुना)

१. मेशिन सञ्चालन अवस्थामा छ/छैन? □ छ □ छैन

२. नियमित उत्पादन भइरहेको छ/छैन? □ छ □ छैन

३. अभिलेख (उत्पादन/बिक्री) राखिएको छ/छैन? □ छ □ छैन

४. कार्यविधि उल्लङ्घन भएको देखियो/देखिएन? □ देखिएन □ देखियो

अनुगमनकर्ताः ....................

मितिः ............

Scanned with CamScanner

अनुसूची–५

दफा १३ को उपदफा (४) संग सम्वन्धित

कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कर्यालय

कर्जन्हा, सिराहा

**मेशिन तथा कच्चा पदार्थ हस्तान्तरण मुचुल्का (नमुना)**

आज मिति ............ का दिन कर्जन्हा नगरपालिका र .................... (लाभग्राही फर्म) बीच यस कार्यविधि बमोजिम देहायका मेशिन तथा कच्चा पदार्थ अनुदान स्वरूप हस्तान्तरण गरियो।

१. स्यानेटरी प्याड उत्पादन मेशिन थान .....

२. कच्चा पदार्थ (विवरण): ....................................................

लाभग्राहीले कार्यविधि र सम्झौता बमोजिम प्रयोग गर्ने प्रतिवद्धता जनाएको छ।

| नगरपालिकाको तर्फवाट: | लाभग्राहीको तर्फवाट: |
| --- | --- |
| ....................... | ...................... |

साक्षीहरू

| नाम: | पद: | हस्ताक्षर |
| --- | --- | --- |
| १. | | |
| २. | | |
| ३. | | |
| ........ | | |

Scanned with CamScanner